कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०७४।३। १८ गते का दिन वाह्रगाउं मुक्तिक्षेत्र गाउंपालिकाका उपाध्यक्ष श्री दिकी गुरुङको संयोजकत्वमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थितिमा वाह्रगाउं मुक्तिक्षेत्र गाउं कार्यपालिकाको मिति २०७४।३।१५ को निर्णय अनुसार यस गाउंपालिकाको आन्तरिक आम्दानीका स्रोत र दरहरुका सन्दर्भमा राजस्व परामर्श समितिको वैठक वसी निम्न प्रस्ताव उपर निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री दिकी गुरुङ | उपाध्यक्ष | वाह्रगाउंमुक्तिक्षेत्र गाउं पालिका | संयोजक |
| श्री गोविन्द सिग्देल | कार्यकारी अधिकृत | " | सदस्य |
| श्री वीर वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं १ | " | " |
| श्री लक्ष्मीकुमारी गुरुङ | वडा सदस्य वडा नं. ४ | " | " |
| श्री नवीन कुमार गुरुङ | वडा सदस्य वडा नं. ३ | " | " |
| श्री छिन नाम्ग्या गुरुङ | वडा सदस्य वडा नं. २ | " | " |
| श्री छिरिङ आङगेल गुरुङ | वडा सदस्य वडा . ५ | " | " |
| श्री शिव वहादुर थापा | सदस्य सचिव | " | " |

प्रस्तावहरु

१, राजस्वको दररेट कायम गर्ने सम्वन्धमा

२, आम्दानीको स्रोत प्रस्ताव गर्ने सम्वन्धमा

३, वार्षिक आन्तरिक आम्दानीको अनुमान प्रस्ताव गर्ने सम्वन्धमा

४, गाउंपालिकामा प्रतिवेदन पेश गर्ने सम्वन्धमा

निर्याय नं. १,

प्रस्तावन नं. १ उपर छलफल गर्दा गाउं कार्यपालिकाले दिएको जिम्मेवारी अनुसार यस गाउंपालिका वडा कार्यालयहरुले दैनिक सेवा प्रवाह गराउदा सिफासिर दस्तुर वापत निम्न शीर्षकमा निम्नानुसारको दस्तुर लिइ छिटो छरितो सेवा प्रवाह गर्न उपयुक्त देखिएकोले सोही व्यहोरा गाउं कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।



CamScanner

| सि.न. | सेवाको किसिम | राजस्वको दर प्रस्ताव |
|---|---|---|
| १, | नगरिकताको सिफारिस | १००।- |
| २, | नाता प्रमाणित सिफारिस | २००।- |
| ३, | चार किल्ला प्रमाणित सिफारिस | ५००।- |
| ४, | जग्गा नामासारी सिफारिस | २००।- |
| ५, | जन्म मिति प्रमाणित सिफारिस | २००।- |
| ६, | वैवाहिक सम्वन्ध सिफारिस | २००।- |
| ७, | प्रमाणित सिफारिस | २००।- |
| ८, | खानेपानी/विद्युत मिटर सिफारिस/ नामसारी | २००।- |
| ९, | कर चुक्ता सिफारिस | १००।- |
| १०, | पूर्जामा फोटो टांसको सिफारिस | २००।- |
| ११, | पेन्सन पट्टा सिफारिस | ३००।- |
| १२, | घर वाटो खुलेको सिफारिस | ५००।- |
| १३, | आयस्रोत सिफारिस | प्रतिलाख रु, ५०।- |
| १४, | सम्पत्ती मुल्याङकन सिफारिस विदेश | ५० लाखको रु, १०००।-, १ करोड सम्मको रु, २०००।-, १ करोड भन्दामाथि रु, ३०००।- |
| १५, | सम्पत्ती मुल्याङकन सिफारिस स्वदेश | ५० लाखको रु, ५००।-, १ करोड सम्मको रु, १०००।-, १ करोड भन्दामाथि रु, १५००।- |
| १६, | व्यहोरा प्रमाणित | २००।- |
| १७ | संस्था दर्ता सिफारिस | ५००।- |
| १८, | व्यवसाय दर्ता | ३ लाख सम्मको रु, ३००।-, ५ लाख सम्मको रु, ५००।-, ५ लाख भन्दा माथिको रु, १०००।- |
| १९, | व्यवसाय नवीकरण | ३ लाख सम्मको रु, १००।-, ५ लाख सम्मको रु, २००।-, ५ लाख भन्दा माथिको रु, ३००।- |
| २०, | उद्योग दर्ता सिफारिस | सामान्य विद्युत रु, ५००।-,१५ ह.पा. क्षमताको रु, १०००।-, २५ ह.पा. क्षमताको रु, १५००।-, ५० ह.पा. क्षमताको रु, २०००।- |
| २१, | मालपोत तिरो असुली | ३ रोपनी सम्मको न्यूनतम रु, ५०।- सो भन्दा वढीको प्रति रोपनी रु, १०।- थप हुदै जाने (समर,साङता र घ्याकरलाई ५०% छुट दिने) |
| २२, | घटना दर्ता म्याद पछिको | रु, ५०।- |
| २३, | घरको नक्सा पास | निर्देशिकामा तोकिए अनुसार |

गाउँ कार्यपालिकाको कार्यालय
कागवेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउंपालिका क्षेत्रमा आम्दानी हुने स्रोतहरु निम्नानुसार देखिन आएको र ती आम्दानीका स्रोतको सरदर परिमाण तथा कुल आम्दानी निम्नानुसार प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो ।

१, कागवेनी धार्मिक क्षेत्रको धर्मशालालाई गाउंपालिकामा दर्ता गरी उक्त संस्थाबाट वार्षिक रु, २,००,०००।- सम्म आम्दानी हुन सक्ने देखिन आयो ।

२, वडा नं. १ स्थित मुक्तिनाथ क्षेत्रको भारतीय दुतावासबाट निर्मित धर्मशाला भवनको उपयोगवाट वार्षिक रु, ३,००,०००।- सम्म आम्दानी हुन सक्ने ।

३, यस क्षेत्रको विभिन्न स्थानमा यार्चागुम्वा तथा जडिवुटी संकलनका वखत प्रवेश शुल्क लगायत स्थानीय तहमा लगाउन सकिने कर दस्तुरबाट वार्षिक रु, ५,००,०००।- आम्दानी हुन सक्ने ।

४, यस क्षेत्रको कागवेनी, मुक्तिनाथ, छुसाङ लगायतका यातायात सेवा संचालन तथा पार्किङ शुल्कवापत वार्षिक रु, १,००,०००।- आम्दानी हुन सक्ने ।

५, यस क्षेत्रका होटल संचालनहरुबाट संचालन र सो बाट वार्षिक आम्दानीको विस्तृत सर्भेक्षणका लागि अनुगमन टोली गठन गरी उक्त टोलीको सिफारिस समेतको आधारमा होटल लाइ "क" "ख" "ग" र "घ" वर्गमा वर्गीकरण गरी निम्नानुसार वार्षिक कर संकलन गर्न सहज हुने देखिन आए अनुसार

| वर्ग | वार्षिक कर रकम | अनुमानित संख्या | प्रस्तावित वार्षिक आम्दानी रकम |
|---|---|---|---|
| क | ६००० | २० | १२०००० |
| ख | ४००० | ३० | १२०००० |
| ग | ३००० | ४० | १२०००० |
| घ | २००० | ५० | १००००० |
| जम्मा | | १४० | ४६०००० |

- होटल वाहेक अन्य साधारण पसल व्यवसाय संचालन गरेका संचालक हरुका लागि प्रति पसल रु, ३०००।- का दरले अनुमानित संख्या ४० को हुनसक्ने रकम रु, १,२०,०००।-
- अन्य क्षेत्रबाट यस गाउंपालिको वाटो हुँदै निकासी गरिने भेंडा,च्याङग्रा,खसी,बोकाहरुको प्रति गोटा रु, १०।- का दरले र स्थानीय भेडा च्याङग्रा पालक किसानहरुले भेडा च्याङग्रा विक्रि गर्दाका वखत विक्रिभएका प्रति भेडा च्याङग्राको रु, ५०।- का दरले पशुकर संलन गर्न सकिने यसवापत

२००० × १० = २०,०००।-

१००० × ५० =५०,०००।- आम्दानीहुन सक्ने

- यस क्षेत्रबाट स्याउ विक्रि गरी निकासी हुंदाका वखत स्याउ विक्रिकर वापत विक्रिको सिजनमा राजस्व संकलन गर्न सूचना जारी गरी प्रति ट्रक न्यूनतम मुल्य कायम गरी उपयुक्त तरिकाले राजस्व संकलनका लागि टेण्डर/सूचना जारी गर्ने जसवापत अनुमानित रु, १,००,०००।- आम्दानी हुन सक्ने ।
- फुटपाथमा राखिएको पसल संचालन गरेवापत प्रति पसल प्रति वर्ष रु, ५००।- का दरले राजस्व संकलन गर्ने जस अनुसार अन्दाजी ४० वटा पसलवाट रु, २०,०००।- आम्दानी हुन सक्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा निम्नानुसारको शीर्षकबाट निम्नानुसार अम्दानी हुन सक्ने भन्ने अनुमाग पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | शीर्षक | अनुमानित वार्षिक राजस्व रकम |
|---|---|---|
| १ | विभिन्न सिफारिस दस्तुर बाट | १,००,०००।- |
| २ | व्यवसाय दर्ता/नवीकरण वापत | १,००,०००।- |
| ३ | जग्गा रजिष्ट्रेशन शुल्कवापत | १०,०००।- |
| ४ | मालपोत तिरो दस्तुरवापत | ७०,०००।- |
| ५ | गैह्रसरकारी संस्थाको अनुदान सहयोग वापत | १५,००,०००।- |
| ६ | केन्द्र तथा प्रदेश सरकारबाट अनुदान सहयोग वापत | १३,००,०००।- |
| ७ | कागेनी धर्मशाला संचालनवाट | २,००,०००।- |
| ८ | मुक्तिनाथ धर्मशाला संचालनबाट | ३,००,०००।- |
| ९ | जडिवुटी तथा यासागुम्बा संकलनबाट | ५,००,०००।- |
| १० | यातायात तथा पार्किङ शुल्क वाट | १,००,०००।- |
| ११ | होटल व्यवसाय कर वापत वार्षिक आम्दानी | ४,६०,०००।- |
| १२ | होटल वाहेक अन्य पसलवाट | १,२०,०००।- |

| | | |
|---|---|---|
| | वार्षिक आम्दानी | |
| १३ | पशु चौपाय निकासीबाट वार्षिक आम्दानी | ७०,०००।- |
| १४ | स्याउ तथा फलफुल निकासी बाट वार्षिक आम्दानी | १,००,०००।- |
| १५ | फुटपाथका पसल संचालन बाट वार्षिक आम्दानी | २०,०००।- |
| १६ | नक्सापास दस्तुरबाट | २०,०००।- |
| जम्मा आम्दानी रु, | | ४९,७०,०००।- |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा उल्लेखित विवरण अनुसारका आम्दानीका सोतहरुबाट जम्मा हुन सक्ने प्रस्तावित आम्दानीका स्रोत हरुको विवरण तोकिएको म्याद भित्र गाउं कार्यापालिकामा पेशगर्ने सर्वसम्मत निर्णय गरियो ।